काभ्रेपलाञ्चोक जिल्ला अदालत
धुलिखेल, काभ्रेपलाञ्चोक
(प्रशासन शाखा)

पत्र संख्याः-
च.नं.

मितिः- २०८०।०६।१९

**मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने तथा सूची अद्यावधिक गर्ने सम्बन्धमा सूचना !!!**

मेलमिलाप सम्बन्धि नियमावली, २०७० को नियम ३, नियम ९ र जिल्ला अदालत नियमावली, २०७५ को नियम ५० बमोजिम प्रत्येक वर्ष मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन निवेदन माग गर्नुपर्ने र सूचीकृत रहेका मेलमिलापकर्ताहरुको सूची अद्यावधिक गर्न र मेलमिलापकर्ताको रुपमा नयाँ सुचीकृत हुन चाहने व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएका मितिले ३०(तीस) दिनभित्र मेलमिलापकर्ताको रुपमा सूचीकृत हुन निम्न कागजातहरु सहित यस अदालतको प्रशासन शाखामा निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ ।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः

- मेलमिलाप परिषद्बाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपि
- मेलमिलाप सम्बन्धि तालिमको प्रमाणपत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको हकमा संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि
- निवेदकको पासपोर्ट साइजको फोटो २ प्रति